# बेनी नगरपालिकाको आ. व. २०७९/०८० को दोस्रो चौमासिकमा भए गरेका विकास निर्माण तथा सेवा प्रवाह विषयक प्रगति समीक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रममा पेश गरिएको विवरण

**बेनी नगरपालिकाको बजेट विवरण :** कूल बजेट ७८ करोड ८५ लाख ७५ हजार
चालुतर्फ ४९ करोड ४९ लाख ३६ हजार
पुँजिगत तर्फ २९ करोड ३६ लाख ३८ हजार

**फागुन मसान्तसम्मको व्यय विवरण:**

चालुतर्फ २३ करोड २० लाख ८९ हजार खर्च भएको (४६.८९ प्रतिशत)
पुँजिगत तर्फको ८ करोड ७४ लाख ४५ हजार खर्च भएको (२९.७८ प्रतिशत)
समग्रमा ४२.७९ प्रतिशत प्रगति हासिल भएको ।

**आन्तरिक आय विवरण :** कुल प्रक्षेपित रकम ४ करोड २३ लाख ७० हजार मध्ये हालसम्म २ करोड ४२ लाख ९९ हजार ४ सय ६३ संकलन भएको ।हालसम्म प्रक्षेपणको ५७.३५ प्रतिशत प्रगति हासिल भएको ।

**विषयक्षेत्रगत रुपमा दोश्रो चौमासिक सम्मको आय व्यय विवरणः**

| क्षेत्र | विनियोजित बजेट (रु हजारमा) | खर्च (रु हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४,४४,०६ | ७६,७० | १७.३४ |
| सामाजिक विकास | ४०,९३,६५ | १,७६,००० | ४२.९९ |
| पूर्वाधार विकास | १७,६८,८५ | ३,८९,४७ | २२.०२ |
| सुशासन तथा अन्तरसम्बन्धित | ३,३९,६३ | ८०,३९ | २३.६७ |
| कार्यालय तथा प्रशासनिक | १२,३९,५५ | ५,९५,१२ | ४८.०१ |

## विषयक्षेत्रगत प्रगति विवरण

**क. कृषि क्षेत्रको प्रगति विवरण :**

- बेनी नगरपालिकामा अनुदानको रासायनिक मल बिक्रेता सुचीकृत गरिएको ।
- खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा मूल्य अनुदान कार्यक्रम अन्तर्गत गहुँको बिउ २६५ जना कृषकलाई ३२५० के.जी. वितरण गरिएको ।
- उन्नत जातको १९५४५ के.जी. निलो १७०० के.जी. सेतो १०५० केजी रातो आलुको बिउ वितरण गरिएको ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत आलु बालि र केरा बालीको पकेट कार्यक्रम संचालन गर्न सूचना प्रकाशन गरी सम्झौताको प्रकृयामा रहेको । वडा नं २ मा केरा पकेट विकास कार्यक्रम साथै वडा नं ३,९,१० मा आलु पकेट विकास कार्यक्रम सुचारु रहेको ।
- वडा नं १ मा आलु बाली र वडा नं ४ र ६ मा टमाटर बाली विषयक आ.इ.पि.एम कृषक पाठशाला कार्यक्रम संचालन भैरहेको
- ८ वटा वडामा मा २ दिने तरकारी खेती सम्बन्धी तालिम सहित तरकारीको बिउ वितरण कार्यक्रम सम्पन्न गरिएको

- कृषकको मागको आधारमा हिउँदे फलफूल किविको बेर्ना वितरण ।

**ख. पशु सेवा क्षेत्र तर्फ गरिएका मुख्य उपलब्धिहरु**

- ३९८ जना हिउँदे घाँसको विउ (जै र भेच) वितरण गरिएको छ ।
- चालु चौमासिकमा कूल ३८३४ जनावरहरुलाई उपचार गरिएको ।
- १०५ वटा सामुदायिक तथा घरपालुवा कुकुरलाई रेविज विरुद्ध खोप लगाइएको।
- ३० गाई र २५ भैसीलाई कृत्रिम गर्भाधान सेवा उपलव्ध गराइएको ।

**ग. शिक्षासँग सम्बन्धित गतिविधिहरु**

- सरस्वती माध्यमिक विद्यालय तातोपानी र श्री जामुनाखर्क माध्यमिक विद्यालय अर्थुङ्गेमा विद्यालय तहमा योग शिक्षा तथा मोटिभेसनल कार्यक्रम सञ्चालन गरिएको ।
- सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुका लागि ३ दिने शैक्षिक अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिएको
- बाल विकास सहजकर्ता हरुका लागि ५ दिने मन्टेश्वरी तालिम सञ्चालन गरिएको ।
- नगरपालिका स्तरीय र जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागिता जनाई प्रथम स्थान हासिल गर्न सफल भएको
- बेनी नगरपालिका भित्रका सामुदायिक विद्यालयमा परीक्षामा एकरुपता कायम गर्ने र पाठ्यक्रम अनुसारका स्तरीय प्रश्नपत्र निर्माणका लागि प्रश्नपत्र निर्माण कार्यशाला सञ्चालन गरिएको ।
- शैक्षिक सत्र २०७९ को कक्षा ८ र कक्षा ५ को परीक्षालाई नगरस्तरीय परीक्षाका रुपमा सञ्चालन गर्ने गरी आवश्यक व्यवस्थापन गरिएको ।
- कक्षा ४ को मेरो नगरपालिका पाठ्यपुस्तक लेखन कार्य अन्तिम चरणमा पुगेको ।

**घ. स्वास्थ्य शाखातर्फ संचालित कार्यक्रमहरु**

- ५-११ लाई पहिलो, दोस्रो र बुस्टर मात्रा लगाउन छुटेका बालबालिकालाई कोभिड-१९ बिरुद्ध खोप प्रदान गरिएको ।
- राष्ट्रिय खोप तालिका अनुसार २३ महिना भित्रका १३९ जना बालबालिकाहरुलाई १३ वटै खोप लगाएर पूर्ण खोप सुनिश्चित पालिका बनाईएको ।
- किसोरीलाई आइरन फोलिक एसिड (Iron folic acid) खुवाउने कार्यक्रम अन्तर्गत १५६५ जना किसोरीलाई पहिलो १३ हप्ताको आइरन फोलिक एसिड खुवाइएको ।
- एकीकृत बाल रोग व्यवस्थापन कार्यक्रम अन्तर्गत बे.न.पा अन्तर्गतका १२ वटै स्वास्थ्य संस्थामा स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न गरिएको ।
- गर्भावस्था देखि सुत्केरी अवस्था सम्म स्वास्थ्य सेवा निरन्तरताका लागि हरेक १००० दिनका आमाहरुलाई ट्रेसिङ्ग गर्ने व्यवस्था मिलाइएको ।
- पाठेघर खस्ने रोगका लागि स्क्रिनिंग, रिंग पेशरि, तथा पाठेघर मुखको क्यान्सरको जोखिम पत्ता लगाउन VIA जाच सम्बन्धी निशुल्क स्वास्थ्य शिविर भकिम्लीमा संचालन गरिएको ।
- समुदायमा लुकेका क्षयरोगका बिरामी खोज पड्ताल गर्न सबै स्वास्थ्य संस्थाले मासिक रुपमा स्लाईड संकलन कार्य सुरु गरिएको । क्षयरोग बिरामीका परिवार र छिमेकी गरी २२ जनाको सम्पर्क परिक्षण गरिएको ।
- जेष्ठ नागरिक स्वस्थ्य सेवा कार्यक्रम अन्तर्गत घरघरमा स्वास्थ्यकर्मीको अभियानलाई निरन्तरता दिइएको

- नसर्ने रोगको स्क्रीनिग कार्यक्रम अन्तर्गत ४० वर्ष माथिका नागरिकको निशुल्क नसर्ने रोगको स्क्रीनिंग गरी आवश्यक उपचार तथा परामर्श सेवा दिने कार्य जारी रहेको।

**ङ. महिला तथा बालबालिका क्षेत्रतर्फ**

- वडा नं ६ र १० मा कृषकहरुलाई उत्पादनमा प्रोत्साहन गर्नको लागि मसलाबारी तालिम र लसुन तथा प्याजको बिउ बितरण गरिएको ।
- लैङ्गिक हिसां विरुद्धको १६ दिने अभियानको अवसरमा "वैदेशिक रोजगारमा रहेका परिवार र परिवारको भूमिका" विषयक अन्तरक्रिया कार्यक्रम गरिएको ।
- अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा "अपाङ्गता भएका बालबालिकाको क्षमता प्रस्फुटन" विषयक कार्यक्रम आयोजना गरिएको ।
- सामाजिक कुरीति (बालबिवाह, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायत) न्यूनीकरण सचेतना तालिम बेनी न.पा. वडा न.१,५ र ९ सम्पन्न भईसकेको ।
- स्थानीयस्तरमा प्राप्त स्रोत र साधनको सदुपयोग गर्दै व्यवसाय संचालन मार्फत आयआर्जन बृद्धि गराई गरिबी न्यूनीकरणमा टेवा पुर्याउनको लागि बेनी नगरपालिका वडा न. ४ सिंगामा आलु केरा चिप्स उत्पादन र प्याकेजिङ्ग तालिम सम्पन्न गरिएको ।

**च. न्यायिक समिति तर्फ**

- हालसम्म २८ वटा विवादहरु दर्ता भएका ।
- जस मध्ये २१ वटा मेलमिलापका माध्यमबाट समाधान गरिएको ।
- २ वटा निर्णय मार्फत फर्छयौट गरिएको ।
- ५ विवादहरु सुनुवाईको प्रकृयामा रहेको ।

**छ. पूर्वाधार तर्फको हालसम्मको प्रगति विवरण**

- भौतिक पूर्वाधार तर्फ कुल ३४२ योजना मध्ये १२ वटा योजना बोलपत्रका माध्यमबाट निर्माण प्रक्रियामा रहेको,११३ वटा योजना सम्झौता भई चालु अवस्थामा रहेका,११२ वटा योजनाको अन्तिम भुक्तानी भएको र १०५ वटा योजना सम्झौता हुने प्रकृयामा रहेका ।
- गौरवका आयोजनाहरुका रुपमा छनौट भएका योजनाहरुमध्ये बेनी पात्लेखेत सडक र बेनी मिनि रङ्गशाला निर्माणको कार्य अन्तिम चरणमा पुगेको । अन्य योजनाहरुमध्ये महारानीथान छापा डाडाखेत सडक, दुधेखोला भकिम्ली सडक, बेनी पुलाचौर सडक र बेनी ज्यामरुकोट सडक चालु अवस्थामा रहेको
- सिङा कोल्ड स्टोर निर्माणका लागि सम्झौता भई प्रकृया अघि बढेको, तातोपानी बजार पिचको कार्य शुरु भएको ।
- गौश्वारा तमाने, खबरा खानेपानी, ज्यामरुककोट खानेपानी सञ्चालित अवस्थामा रहेका छन् ।
- वडास्तरीय योजनाहरुको प्रगति विवरण

| वडा नं. | कुल योजना संख्या | सम्पन्न भएका योजना संख्या | चालु अवस्थामा रहेका योजना संख्या | सम्झौता बाँकी |
|---|---|---|---|---|
| १ | ४२ | १५ | २१ | ६ |
| २ | ५० | १५ | ३२ | ३ |
| ३ | २९ | ७ | ११ | ११ |
| ४ | ३२ | १३ | १३ | ६ |

| वडा नं. | कुल योजना संख्या | सम्पन्न भएका योजना संख्या | चालु अवस्थामा रहेका योजना संख्या | सम्झौता बाँकी |
|---|---|---|---|---|
| ५ | ४१ | ६ | २८ | ७ |
| ६ | ३७ | १९ | ९ | ९ |
| ७ | ३२ | ६ | २० | ६ |
| ८ | २४ | ५ | १५ | ४ |
| ९ | ४२ | १९ | १९ | ४ |
| १० | ४३ | १७ | १८ | ७ |

**ज. विपद व्यवस्थापनतर्फ**

- विपदबाट भत्किएका सडकहरुको आकष्मिक मर्मत सम्भारको कार्य सम्पन्न भएको ।
- विपदबाट थप क्षति रोक्न एवं तत्काल राहत एवं उद्धारका लागि विपद व्यवस्थापन शीर्षकमा वडागत बजेट विनियोजन गरी वडास्तरबाटै कार्यान्वयन गरिएको ।
- निजी आवास पूनर्निर्माण तर्फ ६७ लाभग्राहीहरु चयन एवं पहिचान गरी अनुदान भुक्तानीका लागि प्रकृया अघि बढाइएको ।
- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत बाँकी रहेका लाभग्राहीहरुको लागि दोस्रो किस्ता भुक्तानी प्रकृयामा रहेको ।

**झ. घटना दर्ता तथा सामाजिक सुरक्षातर्फ**

- जन्मदर्ता पुरुष-२१४, महिला-२२३ गरी जम्मा ४३७, विवाहदर्ता २४७, वसाई सराई अन्तर्गत जाने सदस्य २४२ र आउने सदस्य १३२, सम्वन्ध विच्छेद ३९ र मृत्यु १८४ गरी कुल १००८ वटा घटना दर्ता भएको ।
- सामाजिक सुरक्षा भत्ता तर्फ दोस्रो चौमासिक सम्म जम्मा ४००७ लाभग्राहीलाई कुल ३ करोड ६९ लाख ५६ हजार रुपैया वितरण गरिएको ।

**ञ. प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ**

- ५२० जना बेरोजगार व्यक्तिहरु EMIS मा सूचीकृत गरिएको ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फका १८ वटा योजना मध्ये १५ वटा योजना सम्झौता भई कार्यान्वयनको चरणमा रहेका ।
- ६५ जना सूचीकृत वेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराईएको ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम ६६ लाख सशर्त अनुदानको रुपमा प्राप्त भएकोमा ११ लाख ४ सय ६२ रुपैया खर्च भएको ।

**ट. गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम तर्फ**

- ८० जना नयां उद्यमी सृजना गर्ने कार्यक्रम तर्फ र ९५ जना सम्भावित उद्यमीहरुलाई उद्यमशीलता तालिम प्रदान गरिएको ।
- उद्यमशिलता प्रदान गरिएका उद्यमिहरुलाई सिलाईकटाई, मिनिटेलर मर्मत, मौरीपालन, लेडिज व्याग बनाउने, होजियारी लगायतका सीपमुलक तालिम तथा प्रविधी प्रदान गर्ने तयारीमा रहेको ।

- ४० जना उद्यमीहरुको स्तरउन्नतिका लागि सिलाईकटाई, हाउस वायरीङ्ग,ब्युटीपर्लर, व्यवसायका उद्यमीहरुलाई तालिम तथा प्रविधी प्रदान गर्ने तयारीमा रहेको
- यस कार्यक्रम तर्फ कुल ३० लाख सशर्त अनुदानको रुपमा प्राप्त भएकोमा ८ लाख ७३ हजार ८ सय ७६ रुपैया खर्च भएको ।

### ठ. सहकारी तर्फ

- सहकारी संस्थाहरुको वर्तमान अवस्था,सहकारीहरुको सामाजिक उत्तरदायित्व लगायतका विषयमा सहकारीहरुसँग अन्तर्क्रिया गरी बेनी नगरपालिकाको सहकारी संस्था अनुगमन मूल्याङ्कन नियमन कार्यविधि,२०७९ निर्माण गरिएको।
- बेनी नगरपालिका क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको योजनाबद्ध अनुगमन गरिएको ।
- सहकारी संस्थाहरुको प्रतिबेदन प्रणाली नियमित गरी अभिलेख व्यवस्थित गरिएको ।

## पहिलो चौमासिकको सार्वजनिक सुनुवाईमा प्राप्त भएका सुझावहरु कार्यान्वयनको अवस्था:

- तातोपानी बजार पिच र सिङा कोल्ड स्टोर निर्माणको प्रकृया अघि बढेको ।
- तातोपानी बजार क्षेत्रको ढल निकासका लागि वडा कार्यालयको नेतृत्वमा परामर्श थालिएको ।
- गुणस्तरीय शिक्षाका लागि विद्यालयहरुको नियमित तथा आकष्मिक अनुगमन गर्ने पद्धति अवलम्बन गरिएको ।
- मसार पहिरो नियन्त्रण र डाँडाखेत खानेपानीका लागि प्रदेश तथा सङ्घीय सरकारसँग माग गरिएको ।
- तातोपानी कुण्डको प्रचार प्रसारका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरुसँग परामर्श गरिएको ।
- तातोपानी बजारको फोहोर नियमित संकलन र व्यवस्थापनको शुरुवात गरिएको ।
- डिभिजन वन कार्यालय र जिल्ला प्रशासन कार्यालयसँग सम्बन्धित गुनासो सम्बन्धित पदाधिकारीसमक्ष पुर्याइ समाधानका लागि पहल गरिएको ।

# धन्यवाद